*संवत् २०७५ सालको ऐन नं.........*

# बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ६ मा संशोधनः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि एक वर्षको हुनेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न वा दफा ४ बमोजिमको योग्यता भएका अन्य व्यक्तिलाई दफा ३ बमोजिम नियुक्त गर्न सक्नेछ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) मा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क) मा" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत बहाल रहेका अध्यक्ष तथा सदस्यको पदावधि संवत् २०७५ साल चैत्र मसान्तसम्म कायम रहनेछ।

तर दफा ७ को उपदफा (३) बमोजिम पदपूर्ति भएकोमा त्यस्ता अध्यक्ष तथा सदस्यको पदावधि स्वतः समाप्त भएको मानिनेछ।"

३. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) दफा ६ को उपदफा (१) वा (४) बमोजिम पदावधि समाप्त भएमा,"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (४) बमोजिमको पदावधि समाप्त हुनुभन्दा अगावै अध्यक्ष वा सदस्य पदमा दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गर्न सकिनेछ।"

४. मूल ऐनको दफा ३८ मा संशोधनः मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"३८. आयोगको कार्यावधिः (१) आयोगको कार्यावधि यो दफा प्रारम्भ भएको मितिले एक वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र यस ऐन बमोजिम आयोगबाट सम्पन्न हुनु पर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले

आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको कारणले मात्र आयोगको कार्यावधि समाप्त भएको मानिने छैन।"

माघ २०, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनबिना पारित गरेको र माघ २३, २०७५ मा बसेको प्रतिनिधि सभाको बैठकले समेत यो विधेयकलाई संशोधनबिना पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

.........................................

(गणेश प्रसाद तिमिल्सिना)
अध्यक्ष
राष्ट्रिय सभा

राष्ट्रिय सभा अध्यक्षबाट प्रमणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

.........................................

(विद्यादेवी भण्डारी)
राष्ट्रपति

मिति : २०७५/...../.....